# राज्य व्यवस्था तथा सुशासन समिति

बैठक सङ्ख्याः **३२**

मितिः **२०८१/०४/२२ गते मंगलबार,**

समयः **दिनको २ः०० बजे**

**निर्णयः**

१. समितिको आजको बैठकमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल प्रारम्भ भयो। उक्त विधेयकका सम्बन्धमा नेपाल सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूले विधेयक ल्याउनु पर्नाको कारण र औचित्यताका सम्वन्धमा आफ्नो धारणा राख्नुभयो ।

२. भ्रष्टाचार निवारण देशको प्रमुख प्राथमिकताको विषय भएको र भ्रष्टाचार निवारणबाटै देशको समृद्धि सम्भव रहेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न ल्याइएको विधेयक अत्यन्तै महत्वपूर्ण रहेको र समितिले वृहत छलफल गरी छिट्टै टुङ्गो लगाउने भन्दै समितिका माननीय सदस्यहरुले विधेयकको सैद्धान्तिक पक्षमा रहेर आफ्नो धारणा राख्नुभयो।